# स्थानीय स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापनका कार्यविधि २०८१

राजविराज नगरपालिका

**राजविराज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**राजविराज, सप्तरी**

# परिच्छेद -१

# प्रारम्भिक (Introduction)

स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवालाई उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी सेवालाई थप व्यवस्थित जनमुखी र प्रभावकारी बनाउन, स्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापनमा जनसहभागिता परिचालन गर्न नेपालको संविधान, स्वास्थ्य नीति, २०७१ र जनस्वास्थ्य सेवा ऐन, २०७५ को उद्देश्य कार्यान्वयनमा सहयोग पुऱ्याउन, स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनका लागि यो कार्यविधि तयार गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

१.१ यस कार्यविधिको नाम "स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन नमुना कार्यविधि, २०८१" रहनेछ ।

१.२ यस कार्यविधिको आधारमा सबै राजविराज नगरपालिका अन्तर्गतका सवै स्वास्थ्य संस्थाका लागि निर्देशिका बनाई लागु गर्न सकिनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा, यस कार्यविधिमा-

२.१ आधारभूत स्वास्थ्य सेवा भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३ को उपदफा (४) वमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यवाट सुलभरुपमा नि:शुल्क उपलब्ध हुने प्रवर्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

२.२ "स्थानीय तह" भन्नाले प्रचलित कानून बमोजिम स्थापित राजविराज नगरपालिका सम्झनु पर्दछ ।

२.३ "स्थानीय स्वास्थ्य संस्था" भन्नाले राजविराज नगरपालिका भित्रका स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य सेवा केन्द्र, आ.स्वा.सेवा केन्द्र, शहरी स्वास्थ्य केन्द र आयुर्वेद औषधालय तथा केन्द्र सम्झनु पर्दछ ।

२.४ "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्झनु पर्दछ ।

# परिच्छेद -२

**कार्यविधिको उद्देश्य, समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार**

**(Objective, Committee formation process, roles, duty and rights)**

**२.१ स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधिको उद्देश्य**

यस कार्यविधिको मुख्य उद्देश्य देहाय बमोजिम हुनेछ । आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गर्दै आफनो आवश्यकता अनुरुपको स्वास्थ्य सेवा आफैं व्यवस्थापन गर्न स्थानीय स्रोतको सदुपयोग र जन सहभागिता परिचालन गरी सुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

**२.२ समितिको गठन १. समितिको गठन यस कार्यविधिको परिच्छेद ७ मा उल्लेख भए बमोजिम हुनेछ ।**

**२. पदावधि: समितिको पदावधि गठन भएको मितिले ५ वर्षको हुनेछ ।**

३. पद रिक्त हुने अवस्था: निर्वाचित पदाधिकारीहरुको हकमा नियमित पदावधि समाप्त भएपछि स्वत: समितिको पदावधि समेत समाप्त हुनेछ । मृत्यु भएमा, राजिनामा दिई सो राजिनामा स्विकृत भएमा, फौजदारी अभियोग लागेमा, लगातार तीनवटा बैठकमा विना सूचना अनुपस्थित भएमा समेत पद रिक्त हुनेछ ।

**२.३ बैठक सम्बन्धी कार्यविधि**

१. समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछन । दुबैको अनुपस्थितिमा तोके बमोजिम वा उमेरमा सवैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन ।

२. समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ । आवश्यक परेको अवस्थामा कुनै पनि समय बैठक बोलाउन सकिनेछ ।

**२.४ समितिको काम, कर्तव्य र अधिकार**

राजविराज नगरपालिका

**समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।**

**क. अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोकन गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्याहरू समाधानका लागि पहल गर्ने, र समाधान हुन नसकेमा समस्याहरुको निराकरणको लागि सम्बन्धित तह र निकायहरुमा पठाउने ।**

**ख. स्वास्थ्य संस्थाबाट सञ्चालन हुने बार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण, कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने । वार्षिक रूपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइको ब्यवस्था गर्ने ।**

**ग. स्वास्थ्य संस्थालाई प्राप्त कार्यक्रम, योजना, सूचना र परिपत्रहरू भए तिनको समयमै जानकारी गरी गराई कार्यान्वयन गर्ने ।**

**घ. सम्वन्धित स्थानीय तहले बनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगमन,समीक्षा र आवधिक प्रतिवेदन तयार गरी संम्वन्धित तहमा पेश गर्ने ।**

**ङ. आ.स्वा.सेवा केन्द्र/स्वास्थ्य चौकी/प्राथमिक स्वास्थ्य सेवा केन्द्र/शहरी स्वास्थ्य केन्द्रको उन्नति र विकासको सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।**

**च. स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने ।**

**छ. स्वास्थ्य सेवाबाट वञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुच सुनिश्चितताका लागि आवश्यक कार्यहरू गर्ने ।**
ज.स्वास्थ्य संस्था का दरबन्दी  चार्ट अनिसुची -३ अनुसार को रिक्त पद मा काम को चाप र संस्था को आय स्रोत ले भयाए स्वास्थ्य संस्था को बयाब्स्थापन समिति को निर्णय आनुसार दैनिक जयलादारी मा कर्मचारी बयाब्स्थ्पन गरि काममा लगाउन सकिने छ |
झ. स्वास्थ्य  संस्थाको रिक्त दरबन्दीमा कार्यरत दैनिक जयलादारी कर्मचारीहरुलाई उमेर हद नलाग्ने गरि स्वास्थ संस्था बयाब्स्थापन समिति को निर्णय अनुसार नगरपालिका  ले करार गरि कर्मचारी को बयाब्स्थापन गर्ने |
ञ.सवास्था संस्था मा अकार्यरत कर्मचारी मध्ये स्वास्थ बयाब्स्थापन समिति को निर्णय अनुसार  स्वास्थ्य संस्था प्रमुख तोकिने छ |

**ट. स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरूको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरू गर्ने र सेवा प्रबाहको गुणस्तरीयता सुनिश्चितता गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने ।**

**ठ. स्थानीय सरकारको स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने । प्रदेश तथा संघीय सरकारका तर्फबाट अन्य थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने ।**

**ड. नगरपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासंग स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनसंग सम्बन्धी विषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने ।**

**ढ. स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने ।**

**२.५ बैठकको गणपुरक संख्या**
**समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।**

## परिच्छेद -३
## कार्यक्षेत्र (Area of work)

**३. कार्यक्षेत्र स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यक्षेत्र निम्न बमोजिम हुनेछ ।**
**३.१. नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा** (Basic Health Care Package) **प्रबाह र सेवाको न्यूनतम मापदण्ड** (Minimum Service Standard) **कार्यान्वयनको सुनिश्चितता गराउने ।**

३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको गाउँपालिका तथा नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित (बुंदा १ देखि १२) कार्यक्रमहरुको आफनो कार्यक्षेत्रभित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजीकरण गर्ने ।

३.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु (बुंदा १ देखि १७) आफनो कार्यक्षेत्रभित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने ।

३.४ स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरुको (Wider Social Determinants of Health) कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

३.५. स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरीव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

३.६ सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुलाई सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

३.७ स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

३.८. स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

३.९. स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

३.१०. स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकताको विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

३.११. स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग तथा सहजीकरण गर्ने ।

३.१२ विद्युतीय स्वास्थ्य (e-Health) को अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागु गर्दै जाने । सोको कार्यान्वयनका लागि महानगरपालिका /उप- महानगरपालिका /नगरपालिका/ गाउँपालिका र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासंग आवश्यक सहयोग र समन्वय गर्ने ।

३.१३ आफ्नो कार्यक्रमलाई थप प्रभावकारी र जनमुखी बनाउन, अनुभव र सहयोग आदान प्रदान गर्न जिल्ला, प्रदेश तथा संघीय स्तरमा समन्वय गर्ने ।

३.१४ आफनो कार्यक्षेत्रका सेवाग्राहीहरुकावीच स्वास्थ्य विमा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक योजना तर्जुमा र सहजीकरण गर्ने र सेवाको कार्य सम्पादन र यसको उपयोगिताको नियमित समीक्षा गर्ने ।

३.१५ आयुर्वेद, होमियोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा जस्ता बैकल्पिक स्वास्थ्य सेवा तथा कार्यक्रमहरुलाई आफनो योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

३.१६ समुदायमा आधारित प्रबर्द्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाका कार्यक्रमहरु योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

३.१७ महामारी तथा प्राकृतिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्व तयारी तथा आबश्यक व्यवस्थापन गर्ने ।

३.१८ प्रेषण प्रणालीलाई क्रियाशील बनाउन आधुनिकीकरण तथा ब्यवस्थित गर्ने ।

३.१९ सेवाग्राही तथा सेवाप्रदायकहरुको हकहित संरक्षण तथा अधिकार सुनिश्चित गर्न सहजीकरण गर्ने ।

# परिच्छेद -४
## वित्तीय व्यवस्थापन (Financial management)

**४. वित्तीय व्यवस्थापन**

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले प्रचलित आर्थिक ऐन नियमहरुको परिधिभित्र रही कार्यक्रमहरु सञ्चालन गर्न निम्न बमोजिम वित्तीय व्यवस्थापन गर्न सक्नेछन ।

**४.१ वित्तीय व्यवस्थापन**
स्थानीय स्वास्थ्य संस्थाको वित्तीय व्यवस्थापन नेपाल सरकारको आर्थिक ऐन, स्थानीय सरकार संचालन ऐन, २०७४ आर्थिक ऐन नियम अनुसार हुनेछ ।

**४.२ बजेट तर्जुमा**
(क) स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले योजना तर्जुमाको सात चरण अनुरुप तोकिएको अवधि (मिति) भित्र आगामी आर्थिक वर्षको कार्यक्रम तथा वजेट निर्माण गरी संम्वन्धित नगरपालिकाको वडामा पेश गर्नु पर्दछ ।

(ख) बजेट तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान नगरपालिकाबाट प्राप्त हुने सहयोग, अन्तर्राष्ट्रिय वा राष्ट्रिय गैह्रसरकारी संस्थाबाट प्राप्त रकम तथा स्थानीय स्वास्थ्य संस्थाको आम्दानीलाई समेत आधार बनाउनु पर्दछ ।

**४.३ खर्च तथा अभिलेख**
(क) दरवन्दी अनुसारको जनशक्तिको लागि आवश्यक तलब भत्ता, औषधि तथा उपकरणहरुको कमी नहुने गरी संघीय सरकार , प्रदेश सरकार तथा नगरपालिकाबाट प्राप्त अनुदान सुनिश्चित गरी अन्य प्रशासनिक खर्चमा बजेट बाँडफाड गर्नु पर्नेछ । दरवन्दी वाहेक जनशक्ति आवश्यक परेमा स्थानीय स्रोतले ल्याउने भएमा मात्र सेवा करारमा वा ज्यालादारीमा थप जनशक्तिको व्यवस्था गर्न सकिनेछ । थप कर्मचारी व्यवस्था गर्दा स्विकृत मापदण्ड र प्रक्रिया अनुसार दक्ष प्राविधिकलाई प्राथमिकता दिनु पर्नेछ ।

(ख) प्रत्येक आ.व.को लागि निर्धारण गरिएको रकम समयमै नगरपालिका वडा कार्यालयमा माग गनुपदर्छ ।

(ग) प्राप्त रकम सम्वन्धित शीर्षकको कार्यक्रम निर्धारित समयमै सम्पन्न गरी सोको अभिलेख स्वास्थ्य संस्थामा पनि राख्नु पर्दछ ।

(घ) स्वास्थ्य संस्थाको स्वामित्वमा रहेको चल, अचल सम्पत्तीको अभिलेख अध्यावधिक गरी ठीक दुरुस्त राख्नु पर्नेछ ।

(ङ) प्रचलित कानून वमोजिम प्रत्येक वर्ष स्वास्थ्य संस्थाको लेखा परीक्षण तथा समाजिक परीक्षण गराउनु पर्नेछ ।

(च) सम्बन्धित स्वास्थ्य संस्थाको आफनै नाउमा बैंक खाता खोलिने छ । र उक्त खातामा जम्मा भएको रकम स्वास्थ्य संस्थाको प्रमुख र समितिका अध्यक्षको संयुक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

**४.४ स्थानीय स्वास्थ्य संस्थाका आर्थिक स्रोतहरु**
(क) संघीय तथा प्रादेशिक सरकारबाट प्राप्त अनुदान ।

(ख) विभिन्न व्यक्ति, दाता, गुठी र उपभोक्ता समूहहरुबाट प्राप्त अनुदान वा सहयोग ।

(ग) राष्टिय तथा अन्तराष्टिय संघसंस्थाबाट उपलब्ध सहयोग ।

(घ) स्वास्थ्य संस्थाको आन्तरिक स्रोत जस्तै काठ, दाउरा, घाँस, अन्न तथा फलफूल विक्रि, जमिन, सटरको भाडा आदिबाट उठेको रकम तथा अन्य लगानी वा कार्यक्रमबाट भएको आर्जन ।

(ङ) स्थानीय पालिका बाट प्राप्त अनुदान

# परिच्छेद -५
## अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य र दायित्व

**(Roles, duty and accountaibility of chair, co-chair and members)**

स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका , अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य एवं उत्तरदायित्व देहाय बमोजिम हुनेछ ।

५.१ अध्यक्ष ५.१.१ अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्न्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने ।

५.१.२ योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको कार्य योजना बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने ।

५.१.३ कार्य योजना बमोजिम पदाधिकारीहरुले कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने । स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण भए नभएको यकिन गर्ने र सो को सुनिश्चितता गर्ने ।

५.१.४ कर्मचारीहरुको कामको नियमित मूल्याकंन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने ।

५.१.५ कर्मचारीहरुलाई आवश्यकता अनुसार काज, तालीम वा गोष्ठीमा पठाउन सहमति दिने ।

५.१.६ स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन आन्तरिक स्रोतले भ्याएसम्म स्वास्थ्य संस्थामा आवश्यकता अनुसार थप कर्मचारी व्यवस्था गर्न आवश्यक पहल गर्ने ।

५.१.७ समितिको वैठकमा कुनै विषयमा मत बाझिएमा निर्णायक मत दिने ।

५.१.८ समय समयमा कार्यालयको निरीक्षण गरी कार्यालयको नगदी, जिन्सीको लागत अद्यावधिक गराउने ।

५.२ उपाध्यक्ष ५.२.१ अध्यक्षले गर्ने माथिका सबै कार्यहरुको अतिरिक्त निजको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नेछन ।

५.३ सदस्यहरु ५.३.१ स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता जनाउने र आवश्यक सहयोग पुऱ्याउने ।

५.३.२ स्थानीय स्रोत साधन जुटाउन, परिचालन गर्न राय, सुझाव र सहयोग पुऱ्याउने ।

५.३.३ कुनै क्षेत्रमा थप स्वास्थ्य कार्यक्रमहरुको आवश्यकता भए समितिलाई जानकारी दिने ।

५.३.४ समितिले कुनै उपसमितिको संयोजक वा सदस्य तोकेमा सोही अनुसारको जिम्मेवारी वहन गर्ने।
५.३.५ अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा हुने बैठकमा अध्यक्षता गर्नु पर्ने अवस्था परेमा अध्यक्षता गर्ने ।
५.३.६ समितिले निर्णय गरे अनुसार स्वास्थ्य संस्था, कर्मचारी र स्वास्थ्य कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन र रेखदेख गर्ने ।
५.३.७ समितिका सदस्यहरुले पालैपालो गरी मासिक समीक्षामा भाग लिने ।

५.३.८ आधारभूत स्वास्थ्य शिक्षाका कार्यक्रमहरु सवै इकाईमा नियमित सञ्चालन हुने व्यवस्था गर्ने ।

५.३.९ स्वास्थ्य क्षेत्रको बहुआयामिक विकासको लागि बहुक्षेत्रीय समन्वय तथा सहकार्य गर्ने गराउने ।

## परिच्छेद -६
## स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने क्रियाकलाप सम्बन्धी व्यवस्था
**(Health activities operation and management at local level health facility)**

६.१ आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवाहरुलाई आधार मानी स्थानीय स्वास्थ्य संस्थाहरुबाट संचालन गरिने स्वास्थ्य कार्यक्रमहरु तथा क्रियाकलापहरु देहाय बमोजिम हुनेछन ।

राजविराज नगरपालिका

| स्वास्थ्य कार्यक्रमहरू | आधारभुत स्वास्थ्य सेवा केन्द्र | स्वा.चौ. | श.स्वा.के. |
|---|---|---|---|
| **योजना तर्जुमा** | | | |
| (क) स्वास्थ्य संस्था प्रोफाईल तयार गर्ने र नियमित रुपमा अद्यावधिक गर्ने । | √ | √ | √ |
| (ख) राष्ट्रिय कार्यनीति र निर्देशन अनुसार आफनो कार्यक्षेत्रको आवधिक तथा वार्षिक योजना तयार गरी सम्बन्धित निकायमा पेश गर्ने । | √ | √ | √ |
| (ग) स्वीकृत भई आएका कार्यक्रमहरू कार्यान्वयनको लागि मातहतका निकाय तथा व्यक्तिहरुमा काम र लक्ष्यको बाँडफाँड गर्ने । | √ | √ | √ |
| (घ) कार्ययोजना र कार्य तालिका बनाउने र कार्यक्रम कार्यान्वयन गर्ने । | √ | √ | √ |
| **परिवार नियोजन कार्यक्रम** | | | |
| (क) कार्यक्षेत्रभित्र परिवार नियोजन सेवा दिनुपर्ने लक्षित समूहका दम्पतीहरुको लगत तयार गर्ने र अद्यावधिक गरी राख्ने | √ | √ | √ |
| (ख) परिवार नियोजनको आवश्यकता, महत्व र फाईदाबारे लक्षित समूह, जनसमुदायलाई जनचेतना फैलाउने । | √ | √ | √ |
| (ग) परिवार नियोजनको सेवा तथा परामर्श सेवा उपलब्ध गराउने । | √ | √ | √ |
| (घ) बन्ध्याकरण शिविर माग गर्ने र सञ्चालनमा सघाउ पुऱ्याउने । | √ | √ | √ |
| (ङ) परिवार नियोजनका साधनहरुको प्रयाप्त मौज्दात कायम राख्ने । | √ | √ | √ |
| (च) परिवार नियोजनका साधन अपनाउनेहरुको अनुगमन गरी निरन्तरता कायम गर्ने । | √ | √ | √ |
| **सुरक्षित मातृत्व** | | | |
| (क) प्रत्येक गर्भवती महिलाको विवरण राख्ने । | √ | √ | √ |
| (ख) गर्भवती महिलाहरुलाई कम्तिमा ४ पटक परीक्षण गरी सवा र परामर्श दिने। | √ | √ | √ |
| (ग) स्वास्थ्य संस्थामा सुरक्षित प्रशुती सेवा प्रदान गर्ने । जटील अवस्थाका गर्भवती तथा प्रशुतीलाई प्रेषणको ब्यवस्था मिलाउने । | √ | √ | √ |
| (घ) सुत्केरीपछि आमा र शिशुलाई कुनै पनि समस्या परे नपरेको जानकारी लिई आवश्यक परेकालाई घरैमा गई सेवा प्रदान गर्ने । | √ | √ | √ |
| (ङ) सुरक्षित मातृत्वको महत्वबारे स्वास्थ्य शिक्षा दिने, सुरक्षित मातृत्व सम्बन्धी उपलब्ध सेवाबारे बताउने । | √ | √ | √ |

| | | | |
|---|---|---|---|
| (च) फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरुले महिला स्वास्थ्य स्वयं सेविकाहरुको सहयोग लिई मातृ तथा नवशिशु मृत्युको कारणहरुका विवरण बनाई राख्ने। | – | √ | – |
| खोप | | | |
| (क) खोपको महत्वबारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ |
| (ग) खोप क्लिनिक सञ्चालनको लागि लक्षित समुहको तथ्याङ्क लिई आवश्यक सामग्रीहरुको आपूर्ति गर्ने । | √ | √ | √ |
| (घ) कोल्डचेन कायम राखी भ्याक्सिन आपूर्ति गर्ने । | √ | √ | √ |
| (ङ) खोप क्लिनिक सञ्चालन गर्ने । | √ | √ | √ |
| (च) खोप दिनुपर्ने बाँकी संख्या पत्ता लगाउने र शुक्ष्मयोजना तयार गरी पुरा खोप दिने व्यबस्था मिलाउने । | √ | √ | √ |
| पोषण | | | |
| (क) पोषणको महत्वबारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ |
| (ख) ३ वर्ष मुनिका बच्चाहरुको बृद्धि अनुगमन गर्ने । | √ | √ | √ |
| (ग) कुपोषण भई आएका बच्चा तथा गर्भवती महिलालाई उपचार गर्ने । | √ | √ | √ |
| (घ) कडा खालको कुपोषित व्यक्तिलाई प्रेषण गरी पठाउने | √ | √ | √ |
| (ङ) भिटामिन ए तथा आइरन कम भई आएका बच्चा तथा गभवती महिलालाई भिटामिन ए र आइरन चक्की वितरण गर्ने । | √ | √ | √ |
| (च) आयोडिनयुक्त नुनको प्रयोगको प्रवर्द्धन गर्ने । | √ | √ | √ |
| (छ) सन्तुलित भोजनबारे सवै परिवार सम्म चेतना पुऱ्याउन स्वास्थ्य संस्थाहरुमा नियमित छलफल गर्ने गराउने । | √ | √ | √ |
| झाडापखाला | | | |
| (क) झाडापखाला बारे स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ |
| (ख) ओ.आर.टि.कर्नर स्थापना गरी सँचालन गर्ने । | √ | √ | √ |
| (ग) झाडापखालाबाट ग्रसित बिरामीको लेखाजोखा गरी जलवियोजनको स्थिति अनुसार उपचार तालिका अपनाई उपचार गर्ने । | √ | √ | √ |
| (घ) झाडापखाला प्रकोपको मौसम आउनु अगाडी नै पुनर्जलीय उपचार सामाग्रीहरुको मौज्दात स्थिति अध्ययन गरी सोको खाँचो नहुने व्यवस्था मिलाउने । | √ | √ | √ |
| श्वास-प्रश्वास | | | |
| (क) श्वास-प्रश्वास रोगको रोकथाम बारे स्वास्थ्य शिक्षादिने । | √ | √ | √ |

राजविराज नगरपालिका

| | | | |
|---|---|---|---|
| (ख) आएका श्वास-प्रश्वास रोगीको लेखाजोखा गरी तत्कालै स्तरीय उपचार पद्धति अपनाई उपचार गर्ने । | √ | √ | √ |
| (ग) उपचार हुन नसकेका विरामीलाई प्रेषण गरी पठाउने र पठाउँदा बाटोमा लाग्ने समयको लागि आवश्यक औषधि उपलब्ध गराउने । | √ | √ | √ |
| (घ) श्वास प्रश्वास रोगको उपचारका लागि आवश्यक औषधिको कमी नहुने | √ | √ | √ |
| व्यवस्था मिलाउने । | | | |
| **औलो** | | | |
| (क) औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा बच्ने उपाय बारे जनचेतना जगाउने । | √ | √ | √ |
| (ख) औलो प्रभावित क्षेत्रमा ज्वरो आएको व्यक्ति को रक्त  नमुना संकलन  कार्य लाई ब्यबस्थित गर्ने । | – | √ | – |
| (ग) औलो रोग शङ्का गरिएका व्यक्तिको रक्तनमूना लिने, प्रयोगशालामा जाँच गर्न पठाउने र निर्देशिका अनुसारउपचार गर्ने । | √ | √ | √ |
| (घ) औलो रोग नियन्त्रण तथा उपचार गर्न आवश्यक औषधि नियिमित आपूर्ति हुने ब्यवस्था मिलाउने (माग गर्ने,वितरण गर्ने ) । | √ | √ | √ |
| (ङ) प्रभावित क्षेत्रमा सिफारिश गरिएको औषधि छर्कने र झूल   बितरण कार्य सञ्चालन गर्ने । | √ | √ | √ |
| **क्षयरोग नियन्त्रण** | | | |
| (क) क्षयरोगको रोकथामका लागि स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने । | √ | √ | √ |
| (ख) शंकास्पद रोगीहरुको खकार नमूना संकलन गरी पयोगशालामा पठाउने । | √ | √ | √ |
| (ग) प्रमाणित भएका रोगीको मेडिकल विधि अनुसार उपचार गर्ने । | √ | √ | √ |
| (घ) दर्ता भएका तर उपचारमा नआउने विरामी को खोजी गरी उपचार नियमित गराउने । | √ | √ | √ |
| (ङ) उपचारको लागि औषधिको ब्यबस्था मिलाउने । | √ | √ | √ |
| **कुष्ठरोग नियन्त्रण** | | | |
| (क) कुष्ठरोगको रोकथाम, नियमित उपचार तथा पूनर्स्थापना बारे जनचेतना जगाउने । | √ | √ | √ |
| (ख) कुष्ठरोगबाट प्रभावित ब्यक्तिहरुका लागि नियमित क्लिनिक  संचालन गर्ने । | – | √ | – |
| | √ | √ | √ |
| | √ | √ | √ |

| | | | |
|---|---|---|---|
| (ग) कुष्ठरोगको उपचार र औषधिको प्रतिक्रिया बारे परामर्श दिने । | √ | √ | √ |
| (घ) नियमित उपचारमा नआउनेको खोजी गरी नियमित उपचार गराउने । | | | |
| (ङ) कुष्ठरोग नियन्त्रणको लागि आवश्यक औषधि अटुट गर्ने व्यवस्था मिलाउने । | | | |
| (च) कुष्ठरोगको रोकथाम बारे प्रचार प्रसार गर्ने । | √ | √ | √ |
| **एडस यौनरोग** | | | |
| (क) एच.आई.भी.एडस यौनरोग रोकथाम सम्बन्धि स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ |
| (ख) यौनरोगको उपचार गर्ने र शंकास्पद व्यक्ति लाइ परामर्श तथा आवश्यक परीक्षणकालागि रेफर गरी पठाउने । | √ | √ | √ |
| **महामारी नियन्त्रण तथा प्राकृतिक प्रकोप** | | | |
| (क) आफनो कार्यक्षेत्रमा कुनै महामारी फैलिएमा तत्काल नियन्त्रण कार्य सुरु गरी समुदायलाई सचेत गराउनुका साथै सो बारे माथिल्लो निकाय लाई जानकारी गराउने | √ | √ | √ |
| (ख) प्राकृतिक प्रकोपको अवस्थामा आर.आर.टी.संग समन्वय गरी तत्काले प्रभावित क्षेत्रमा गई आवश्यक सेवा प्रदान गर्ने । | √ | √ | √ |
| **वातावरणीय सरसफाई** | | | |
| (क) आफनो स्वास्थ्य संस्थाबाट निस्केको फोहोरमैलाको उचित व्यवस्थापन गर्ने र वरपरको वाताबरण सरसफाई राख्ने । | √ | √ | √ |
| (ख) कार्यालय परिसर, सुई, मलहम-पट्टी लगायत स्वास्थ्य सेवा कक्षहरु सफा बनाई राख्ने | √ | √ | √ |
| (ग) चर्पीको महत्व बुझाई सोको प्रयोग बढाउन समुदायलाई प्रोत्साहित गर्ने । | √ | √ | √ |
| (घ) खानेपानी मुहान सफा राख्न जनसहभागिता जुटाउने । | √ | √ | √ |
| **स्वास्थ्य शिक्षा** | | | |
| (क) स्थानीय मेला, चाडपर्व आदिमा स्वास्थ्य प्रदर्शनी नाटक, झाँकी आदिको प्रदर्शन गर्ने । | √ | √ | √ |
| (ख) शैक्षिक सामाग्री उपलब्ध गर्ने, सम्भार गर्ने र स्थानीय सचारमाध्यमको उचित प्रयोग गर्ने | √ | √ | √ |
| (ग) नियमित रुपले स्वास्थ्य सम्बन्धि विविध विषयमा स्वास्थ्य शिक्षा दिने । | √ | √ | √ |
| (घ) आफनो क्षेत्रभित्रका सवै विद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने । | √ | √ | √ |
| (ङ) राष्ट्रिय अभियानका कार्यक्रमबारे स्वास्थ्य शिक्षा प्रदान गर्न । | √ | √ | √ |
| **गाउँघर क्लिनिक कार्यक्रम** | | | |

| | | | |
|---|---|---|---|
| (क) प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक सञ्चालन हुने स्थान निश्चित गराउने । | √ | √ | √ |
| (ख) कार्यक्रम सम्बन्धी वडा स्तरीय परिचयात्मक गोष्ठीहरु सञ्चालन गर्ने । | √ | √ | √ |
| (ग) गाउँघर क्लिनिक व्यवस्थापन समितिको गठन तथा सञ्चालन गर्ने । | √ | √ | √ |
| (घ) आवश्यक पर्ने औषधि तथा सम्पूर्ण आवश्यक सामाग्रीहरुको आपूर्ति व्यवस्था मिलाउने । | √ | √ | √ |
| (ङ) सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका अन्य निर्धारित सेवाहरु प्रदान गर्ने । | √ | √ | √ |
| (च) सुक्ष्म योजना अनुसार गाँधर क्लिनिक सञ्चालन भएको छ वा पर्याप्त संख्यामा सेवा प्रदान गरिएको छ भन्ने कुरा यकिन गर्ने । | √ | √ | √ |
| महिला स्वास्थ्य स्वयंसेविका | | | |
| क) जनसंख्या/कार्यक्षेत्रको आधारमा छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि कार्यक्रम संचालन गर्ने । | √ | √ | √ |
| (ख) लक्ष्य अनुसार आधारभूत तालिम नियमित रुपमा सञ्चालन गर्ने । | √ | √ | √ |
| (ग) कार्यक्रमको अर्धवार्षिक समिक्षा र रिफ्रेसर तालिम सञ्चालन गर्ने । | √ | √ | – |

| | | | |
|---|---|---|---|
| (घ महिला स्वास्थ्य स्वयंसेविकाहरुसंग नियमित भेटघाट गर्ने तथा आमा समुहको बैठकमा नियमित भाग लिने । | √ | √ | √ |
| (ङ) महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई कण्डम, पिल्स, पुनर्जलीय झोल प्याकेट, आईरन चक्की,जिन्क,सिटामोल, भिटामिन ए, प्राथमिक उपचार, शैक्षिक सामग्री तथा अन्य सामानको आपूर्ति व्यवस्था मिलाउने । | √ | √ | √ |
| उपचार सेवा | | | |
| (क) नियमानुसार नियमित रुपमा बहिरङग सेवा सञ्चालन गर्ने । | √ | √ | √ |
| (ख) उपचारको लागि आएका बिरामी जाँच गरी औषधोपचार गर्ने र आवश्यकता अनुसार प्रेषण गर्ने । | √ | √ | √ |
| (ग) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने । | √ | √ | √ |
| (घ) अन्तरङग उपचार सेवा दिने । | – | – | – |
| (ङ) रक्तचाप परीक्षण,धडकन/नाडी चेक गर्ने,ज्वरोको नाप, श्वासप्रश्वास , बृद्धि बिकास, तौल उचाई परीक्षण सम्बन्धी सेवा दिने | √ | √ | √ |

| | | | |
|---|---|---|---|
| **(च) बेहोस, जन्डिस ,रक्तअल्पता,लिम्फनोड** (Lymphnode Enlargment) **सुन्निएका** (Edema),**निलोपन**(Cynosis), **क्लविङ्ग** (Clubbing), **छाती ,मुटु** (Heart) **सम्बन्धी उपचार सेवा दिने ।** | – | √ | – |
| **(छ) नसा सम्बन्धी जांच** (Neurological Examination) **मोटर** **(**Motor), **सेनसोरी**,(Sensory), **मानसिक** (Mental Function),**टाउको र गर्दन जांच ।** | – | – | – |
| **(ज) पेट सम्बन्धी,यौनाङ्ग परीक्षण** (Genitalia Examination) **स्पाईनल परीक्षण**(Spinal Examination), **लिम्बस परीक्षण गर्ने ।** | – | – | – |
| **(झ) नसर्ने रोगहरु जस्तै, मुटु सम्बन्धी, दीर्घ श्वास प्रश्वास सम्बन्धी रोग,मधुमेह र उच्च रक्तचापको निदान,उपचार, नियन्त्रण तथा रोकथाम सम्बन्धी क्रियाकलापहरुमा सहयोग गर्ने ।** | √ | √ | √ |
| **(ञ) ज्वरो, टाउको दुखेको जीउ दुखेको खोकी लागेको, पाँच वर्ष मुनीको बच्चा बिरामी** (IMNCI), **न्यून श्वासप्रश्वास छाती पोलेका पेट सम्बन्धी झाडापखाला बान्ता , दिसामा रगत** (Bleeding Per Rectum), **पिसाबमा रगत** (Bleeding Per Vaginao, **उच्च रक्तचाप**(Hypertension), **चिनीरोग** **(**Diabetes), **मलेरीयासम्बन्धी उपचार र ब्यबस्थापन गर्ने ।** | √ | √ | √ |
| **मडिका -लिगल कश** | | | |
| **(क) घाउचोट, लागुपदार्थ सेवन, बलात्कार आदि पुलिस केश जाँच गरी प्रमाणित गर्ने ।** | – | – | – |
| **(ख) लास जाँच गरी प्रमाणित गर्ने ।** | – | – | – |
| **अनुगमन** | | | |
| **(क) लक्ष्य, प्रगती, सेवाको कभरेज, मुख्य रोग र स्वास्थ्य समस्या सम्बन्धी चार्ट ग्राफ बनाई डिस्प्ले गर्ने ।** | √ | √ | √ |
| **(ख) प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी प्रत्येक कार्यक्रम तथा गतिविधिको लेखाजोखा गर्न मासिक रुपमा स्टाफ बैठक गर्ने र समीक्षाको आधारमा सम्बन्धित निकायहरुलाई फिडब्याक दिने ।** | √ | √ | √ |
| **(ग) माथिल्ला निकायबाट प्राप्त फिडब्याकलाई स्टाफ बैठक राखी छलफल गर्ने र निर्देशानुसार कार्यवाही गर्ने ।** | √ | √ | √ |
| **प्रशासनिक कार्य** | | | |
| **(क) आएको सम्पूर्ण चिठीपत्रहरु दर्ता गर्ने र विषयगत फाइल खडा गरी राख्ने ।** | √ | √ | √ |
| **(ख) पठाउनु पर्ने पत्रहरु चलानी गर्ने र विषयगत फाईल खडा गरी प्रतिलिपी राख्ने।** | √ | √ | √ |
| **(ग) प्राप्त पत्रहरुमा आवश्यकतानुसार कार्यवाही गर्ने ।** | √ | √ | √ |
| **(घ) कर्मचारीको हाजिरी, विदा लगायत सम्पूर्ण व्यक्तिगत रेकर्ड राख्ने ।** | √ | √ | √ |
| **(ङ) आगन्तुक तथा सुपरीवेक्षण पुस्तिका बनाई सुपरीवेक्षणमा आउनेको राय मन्तव्य लेखाई राख्ने ।** | √ | √ | √ |
| **(च) मातहतका कर्मचारीहरुले आफनो कार्य विवरण अनुसार कार्य गराईरहेका छन भन्ने कुराको यकिन गर्ने ।** | √ | √ | √ |

| | | | |
|---|---|---|---|
| (छ) सञ्चालक समिति, परिषदहरू र इकाईहरुको अभिलेख अद्यावधिक राख्ने । | √ | √ | √ |
| **अभिलेख तथा पतिवद्न** | | | |
| (क) व्यवस्थापन सूचना प्रणालीले लागु गरेका फर्म,कार्डको प्रयोग गरी सम्पूर्ण स्वास्थ्य कार्यक्र तथा गतिविधिहरुको अभिलेख राख्न तथा निर्धारित मितिभित्र सम्बन्धि निकायमा प्रतिवेदन पठाउने । | √ | √ | √ |
| (ख) आवश्यक पर्ने फर्म, रजिष्टर कमसेकम ३ महिनाको लागि स्टक बाँकी हुदैमा माग गर्ने । | √ | √ | √ |
| **अन्य** | | | |
| (क) स्थानीय स्रोत परिचालन गरी स्वास्थ्य सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने । | √ | √ | √ |
| (ख) थप भएका नयाँ कार्यक्रमहरू निर्देशिका अनुसार सञ्चालन गर्ने । | √ | √ | √ |
| (ग) कृषि र वातावरणको क्षेत्रमा सरोकारवाला पक्षसँग सहकार्य गरी सन्तुलित भोजनको पर्याप्तता, सफा खानेपानी, स्वच्छ वातावरण निर्माणको लागि आवश्यक कार्यक्रम निर्माण र कार्यान्वयन कार्यमा सहयोग गर्ने । | √ | √ | √ |

स्वा.चौ. स्वास्थ्य चौकि ।
श.स्वा.के. शहरी स्वास्थ्य केन्द्र ।
आ.स्वा.के. आधारभूत स्वास्थ्य सेवा केन्द्र ।

## परिच्छेद - ७

## स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिको गठन

७.१. आधारभूत स्वास्थ्य सेवा केन्द्र सञ्चालन तथा ब्यबस्थापन समिति

| क्र.स. | विवरण | पद |
|---|---|---|
| १ | नगरपालिका भित्र पर्ने आधारभूत स्वास्थ्य सेवा केन्द्र अवस्थित वडा का प्रमुख | अध्यक्ष |
| २ | अध्यक्षले मनोनित गरेको एकजना | उपाध्यक्ष |
| ३ | आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेको क्षेत्रको विद्यालयका शिक्षिक मध्येबाट एक जना | सदस्य |
| ४ | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| ५ | समितिबाट मनोनित महिला स्वास्थ्य स्वयंसेविकाहरू मध्येबाट एकजना | सदस्य |
| ६ | सम्बन्धित वडा कार्यालयका सचिव | सदस्य |
| ७ | आधारभूत स्वास्थ्य सेवा केन्द्र प्रमुख | सदस्य सचिब |

७.२ शहरी स्वास्थ्य केन्द्र सञ्चालन तथा ब्यबस्थापन समिति

| क्र.स. | विवरण | पद |
|---|---|---|
| १ | नगरपालिका भित्र पर्ने शहरी स्वास्थ्य केन्द्र अवस्थित वडा का प्रमुख | अध्यक्ष |
| २ | अध्यक्षले मनोनित गरेको एकजना | उपाध्यक्ष |
| ३ | शहरी स्वास्थ्य केन्द्र रहेको क्षेत्रको विद्यालयका शिक्षिक मध्येबाट एक जना | सदस्य |

राजविराज नगरपालिका

| | | |
|---|---|---|
| ४ | स्थानीय व्यापार संघको प्रतिनिधि एकजना | सदस्य |
| ५ | समितिबाट मनोनित महिला स्वास्थ्य स्वयंसेविकाहरू मध्येबाट एकजना | सदस्य |
| ६ | सम्बन्धित वडा कार्यालयका सचिव | सदस्य |
| ७ | शहरी स्वास्थ्य केन्द्र प्रमुख | सदस्य सचिब |

नोट :

१. समितिका पदेन सदस्यहरु , सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि, वडाका सचिव र सम्बन्धित स्वास्थ्यसंस्थाका प्रमुखको पहिलो बैठकले समितिका थप सदस्यहरुको मनोनयन गर्नेछ । २. बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ, ।

क. दलित जनजातिबाट १ जना ख. अपांग, अशक्त वा जेष्ठ नागरिकहरुमध्येबाट १ जना

३. नगरपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैरसरकारी तथा दातृ संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको वैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिने छ ।

**७.३ बुँदा न.७,१ तथा ७.२ अनुसार समिति गठन प्रकियागर्दा नगरपालिका कार्यालय को पत्रा अनुसार गर्ने ।**

## अनुसुचिहरू :

### अनुसुचि : १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (ञ) मा भएको नगरपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसंग सम्बन्धित काम, कर्तव्य र अधिकारहरु :

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन ।

(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन ।

(३) स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन ।

(४)सरसफाई सचेतनाको अभिबृद्धि र स्वास्थ्य जन्य फोहोरमैलाको व्यवस्थापन ।

(५) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्वन्धी सेवा सञ्चालन,।

(६) महिला तथा वालवालिकाको कुपोषण न्यूनीकरण रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

### अनुसूचि : २

व्यवस्थापन समितिको कार्यसम्पादन स्व-मूल्यांङ्कन फाराम

स्वास्थ्य संस्थाको नाम: ...................................... समीक्षा गरेको मितिः ..................................................

(क) संस्थागत क्षमता र समितिको सशक्तिकरण

| क्र.स | सुचकहरू | छ(१) | छैन(0) |
|---|---|---|---|
| १ | गत ६ महिनामा समितिको बैठक नियमित भएको । | | |
| २ | बैठकमा ५१ प्रतिशत वा त्यस भन्दा वढी उपस्थित हुने गरेको । | | |
| ३ | सदस्यहरू बैठकमा ठीक समयमा आउने गरेको । | | |
| ४ | समितिको मासिक बैठकको निम्ति निश्चित मिति र समय तोकेको । | | |
| ५ | महिला तथा पिछडिएको समुदायका प्रतिनिधिहरू बैठकमा नियमित रुपमा उपस्थित हुने गरेको । | | |

| | | | |
|---|---|---|---|
| ६ | महिला तथा पिछडिएको समुदायका प्रतिनिधिहरुले आफनो समुदायका स्वास्थ्य समस्या राखेको र उक्त समस्याहरुलाई निर्णय प्रक्रियामा महत्व दिइएको । | | |
| ७ | बहुमत सदस्यहरुले आ–आफनो समुदायबाट स्वास्थ्यका सूचना बैठकमा ल्याउने र बैठकका निर्णयहरु समुदायसम्म पुऱ्याउने गरेको । | | |
| ८ | निर्णयहरु बुद्धागत रुपमा कार्ययोजनाको स्वरुपमा लेख्ने गरेको । | | |
| ९ | अघिल्लो महिनाको कार्ययोजनाको कार्यान्वयन तथा अनुगमन गर्ने गरेको । | | |
| १० | गत आर्थिक बर्षको बार्षिक प्रगति विवरण सवैले देख्ने स्थानमा टाँस गरेको । | | |
| ११ | अघिल्लो बैठकको प्रगति समीक्षा समितिको मासिक बैठकमा नियमित रुपमा छलफल हुने गरेको । | | |
| १२ | बैठकमा उठेका विषयवस्तु समाधानका लागि एक भन्दा बढी सदस्यलाई जिम्मेवारी दिने गरेको । | | |
| १३ | समितिको वार्षिक कार्ययोजना बनाएको र सबैले देख्ने स्थानमा टाँस गरेको । | | |
| १४ | समितिका सदस्यहरुको फोटो सहितको नामावली वोर्ड स्वास्थ्य संस्थामा सबैले देख्ने स्थानमा टाँस गरेको । | | |
| १५ | समितिका सदस्यहरुलाई आफनो भुमिका तथा जिम्मेवारी थाहा भएको । | | |
| १६ | समिति विधिवत रुपमा (निर्देशिका अनुसार) गठन भएको । | | |
| १७ | समिति आफनो लेटरप्याड र छाप बनाएको । | | |

**स्वास्थ्य संस्थाको नाम: ....................................................... समीक्षा गरेको मिति : ...............................**

**(ख) स्वास्थ्य संस्था ब्यबस्थापन**

| क्र.स | सुचकहरु | छ(१) | छैन(0) |
|---|---|---|---|
| १ | स्वास्थ्य संस्था भित्र तथा बाहिर कम्पौंड को वातावरण सफा र ब्यबसथित राखेको । | | |
| २ | आवश्यकता अनुसार २ भौतिक पूर्वाधार (भवन, कोठा, प्रतिक्षालय, पानी, बिजुली, चर्पी, फर्निचर, आदि) को ब्यवस्थापन गरेका । | | |
| ३ | स्वास्थ्य संस्थामा दरबन्दी अनुसारको कर्मचारीको ब्यवस्थापन गर्न समितिले पहल गरेको । | | |
| ४ | स्वास्थ्य संस्थालाई व्यवस्थित रुपमा संचालन गर्न आवश्यक औषधीको व्यवस्थापन गरेको । | | |
| ५ | स्वास्थ्य संस्थामा आवश्यक पर्ने औजार तथा उपकरणहरु व्यवस्थापन गरेको । | | |
| ६ | न.पा.तथा अन्य निकायबाट स्वास्थ्य कार्यक्रमका लागि स्रोत परिचालन गरेको । | | |
| ७ | कार्यालय समय अनुसार (१० देखी ४ वा ५ वजेसम्म) स्वास्थ्य संस्था खोल्ने ब्यवस्था गरेको । | | |
| ८ | समितिले स्वास्थ्य संस्थाको सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको । | | |
| ९ | समितिद्वारा योजना अनुसार स्वास्थ्य संस्थालाई सहयोग र सुपरिबेक्षण गर्ने गरेको । | | |
| १० | समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना बनाएको । | | |
| ११ | समितिले गाउँघर तथा खोप क्लिनिकमा सहयोग गर्न सुपरिवेक्षण योजना अनुसार गर्ने गरेको । | | |
| १२ | समितिले आफुले गरेका कामको निश्चित प्रक्रिया अपनाई आफैले समीक्षा गर्न सक्षम भएको र गर्ने गरेको । | | |
| १३ | समितिले कर्मचारीहरुको कामको मूल्या न गरि प्रोत्साहन गर्ने गरेको । | | |
| १४ | समितिबाट महिला स्वास्थ्य स्वयं सेविकाको कामको मूल्या न गरि प्रोत्साहन गर्ने गरेको । | | |

| | | | |
|---|---|---|---|
| १५ | समितिले न.पा. वा अन्य निकायसंग कार्यक्रम प्रभावकारी रुपमा संचालन गर्न समन्वय गर्ने गरेको । | | |
| १६ | समितिले महिला स्वास्थ्य स्वयं सेविकालाई आवश्यक सहयोग गर्ने गरेको | | | |
| १७ | समितिले विभिन्न क्षेत्रको सुपरिवेक्षण पश्चात देखिएका राम्रा तथा सुधार गर्नुपर्ने कुराहरुलाई समितिको मासिक बैठकमा राखी छलफल गर्ने गरेको | | | |
| १८ | स्वास्थ्य संस्थाको वस्तुगत पार्शव चित्र ९ज्भबतिज एचयाषभि0 बनाएको । | | |

स्वास्थ्य संस्थाको नाम: ....................................................... समीक्षा गरेको मिति : ..............................

(ग) स्वास्थ्य सेवाको अवस्था :

| क्र.स. | सूचकहरु | छ(१) | छैन(0) |
|---|---|---|---|
| १ | प्रत्येक महिना स्वास्थ्य संस्थाको सेवाको प्रगतिको समीक्षा मासिक अनुगमन कार्य पुस्तीकाको आधारमा गरी समितिको मासिक बैठकमा राख्ने गरेको | | | |
| २ | खोपको लक्ष्य अनुसार प्रगति हासिल गरेको र समुदायमा आधारित नवजात शिशु स्याहार तथा वाल रोगको एकिकृत व्यवस्थापन गरेको । | | |
| ३ | २२५ आइरन चक्की सेवनको लक्ष्य अनुसार प्रगति हासिल गरेको | | | |
| ४ | चार पटक गर्भजाँच सेवा लक्ष्य अनुसार प्रगति हासिल गरेको । | | |
| ५ | लक्ष्य अनुसार टी.टी. खोपको प्रगति हासिल गरेको | | | |
| ६ | समितिले दक्ष स्वास्थ्यकर्मिबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउन ब्यवस्था गरेको | | | |
| ७ | चाहना हुँदा हुदै पनि परिवार नियोजनको कुनै साधन उपभोग गर्न नसकेका दम्पत्तीहरुको पहिचान गरेको । | | |
| ८ | गाउँघर तथा खोप क्लिनिकहरु नियमित रुपमा संचालन हुने गरेको । | | |
| ९ | सेवाबाट छुटेका मानिस (महिला, दलित, जनजाती, पिछडिएका र संस्थावाट टाढा रहेका) हरुको पहिचान गरी सेवामा उनिहरुको पहुँच बढाउन समुदाय परिचालन कार्य गर्ने गरेको । | | |
| १० | राष्ट्रिय स्वास्थ्य कार्यक्रमहरुमा समितिले योजनाबद्ध रुपमा सहयोग गर्ने गरेको । | | |

राजविराज नगरपालिका

| | | | |
|---|---|---|---|
| ११ | स्वास्थ्य संस्थामा हुनुपर्ने औषधिको किसिम स्वास्थ्य संस्थाको तह अनुसार उपलब्ध गरेको | | | |
| १२ | स्वास्थ्य संस्थामा हुनुपर्ने ४ वटा अत्यावश्यक औषधिहरु (पुनर्जलीय झोल, एमोक्शिसिलीन, आइरन र भिटामिन ए) भए नभएको यकिन गरेको | | | |
| १३ | नागरिक वडापत्र सबैले देख्ने स्थानमा टाँस गरेको \| | | |
| १४ | समिति र स्वास्थ्य संस्थाको वार्षिक कार्ययोजना बनाएको | | | |
| १५ | नियमित रुपमा प्रतिवेदन गरेको | | | |
| १६ | न.पा.को स्वास्थ्य आवश्यकताको पहिचान गरी वडा स्तरीय स्वास्थ्य योजना बनाएको | | |
| १७ | अ.हे.व./अ.न.मी. ले समितिको बैठकमा उपस्थित भई आमा समूह, गाँउ घर क्लिनिक, स्वास्थ्य स्वयं सेविका कार्यक्रमबारे छलफल गर्ने गरेको | | | |

**स्वास्थ्य संस्थाको नाम: ...................................................... समीक्षा गरेको मिति : ..............................**

**अनुसूचि : ३**

आधारभूत स्वास्थ्य सेवा केन्द्र ,सहरी स्वास्थ्य केन्द्रमा तपसिल बमोजिम को पदको कर्मचारीहरु को दरबन्दी कायम गर्ने ।

| सि.न. | पद | संख्या | श्रेणी तह |
|---|---|---|---|
| १ | अ.हे.ब. | १ | सहायक चोथो |
| २ | अ.न.मि. | २ | सहायक चोथो |
| ३ | का.स. | १ | श्रेणी बिहिन प्रथम तह |

*****

राजविराज नगरपालिका